# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** <u>सम्पति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारी बनाउने सम्वन्धमा सुझाव</u>।

प्रचलित कानून अनुसार तोकिएको समय भित्र आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण सहितको राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन" आयोगको बैठकमा पेश हुँदा देहायबमोजिम लेखी पठाउने भनी आयोगबाट मिति २०८१/०४/०२ मा निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. सम्पत्ति विवरण बुझाउनुपर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय अनुसार नितिगत व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने।

   <u>**देहाय:**</u>

   (क) संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

   (ख) राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको व्यवस्थापन र संरक्षण गर्ने ।

   (ग) राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मार्फत् प्राप्त गर्ने ब्यवस्था मिलाउने ।

   (घ) अनलाईन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई स्थानीय तहले प्राथमिकता दिने ।

२. आयोग/मन्त्रालय/केन्द्रीय निकाय अन्तर्गतका, प्रदेश तह अन्तर्गतका र स्थानीय तहका सम्पत्ति विवरण बुझाउने कर्तव्य भएका तर प्रचलित कानून अनुसार तोकिएको समय भित्र आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूलाई संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा जनही रु. ५०००/- (पाँच हजार) दाखिला गर्न र ३० दिनभित्र तोकिएको निकायमा सम्पत्ति विवरण पेश गर्न लगाई उक्त विवरण राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा अनिवार्य रूपमा प्रविष्टिसमेत गराई बैंक भौचरसहित सोको एकमुष्ठ जानकारी यस आयोगमा गराउने। साथै विगत आर्थिक बर्षहरू

२०७७/७८ र २०७८/७९ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरुले प्रत्येक आ.व. को रु. ५,०००/-(पाँच हजार मात्र) का दरले जरिवाना दाखिला गरे/नगरेको र ३० दिन भित्र सम्पत्ति विवरण सम्वन्धित निकायमा पेश गरे/नगरेको एकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नबुझाएका पदाधिकारी/कर्मचारीहरुको विवरण समेत यस आयोगमा उपलव्ध गराउन क्रमशः आयोग/मन्त्रालय/सचिवालय/केन्द्रीय निकाय, प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा प्रदेश मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

३. प्रत्येक जिल्लास्थित संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका कार्यालयहरूमा कार्यरत पदाधिकारी/कर्मचारीहरूले आ.व. २०७७/७८,२०७८/७९ र २०७९/८० को सम्पत्ति विवरण तोकिएको समयमा बुझाए/नबुझाएको र नबुझाएकाहरूले प्रत्येक आ.व. को जनही रु.५,०००/- (पाँच हजार) का दरले जरिवाना संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गरे/नगरेको तथा ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा पेश गरे/नगरेको एकमुष्ठ विवरण सहितको प्रतिवेदन यस आयोगमा पठाउन ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखि पठाउने।

४. राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) लाई निम्न बमोजिम गर्न लेखि पठाउने ।

- तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका कर्मचारीहरूलाई संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा जनही रु.५,०००/-(पाँच हजार) दाखिला गर्न र ३० दिनभित्र तोकिएको निकायमा सम्पत्ति विवरण पेश गर्न लगाई उक्त विवरण राष्ट्रिय सतर्कता केन्द्रको सफटवेयरमा अनिवार्य रूपमा प्रविष्टिसमेत गराइ सोको एकमुष्ठ जानकारी अनिवार्य रूपमा आयोगमा गराउनुहुन ।
- विगत आर्थिक बर्षहरू २०७७/७८ र २०७८/७९ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने कर्मचारीहरुले प्रत्येक आ.व. को रु.५,०००/-(पाँच हजार मात्र) का दरले जरिवाना दाखिला गरे/नगरेको र ३० दिन भित्र सम्पत्ति विवरण सम्वन्धित निकायमा पेश गरे/नगरेको एकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नबुझाएका कर्मचारीहरुको विवरण उपलव्ध गराउनुहुन।

५. प्रत्येक आर्थिक वर्ष शुरु भएको ६० दिन भित्र र स्थानीय तहले आ.व. शुरु भएको ६० दिन भित्र प्राप्त भएको सम्पत्ति विवरणको अभिलेख राखी ३० दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने कानूनी ब्यवस्था भए बमोजिम उक्त सम्पत्ति विवरणको मात्र अनुगमन गरी प्रतिवेदन दिने गरेकोले देहायका ३ अवस्थामा समेत सम्पत्ति विवरण भरे/नभरेको अनुगमन गरी सो को वार्षिक प्रतिवेदन आयोगमा पेश गर्न राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) लाई लेखि पठाउने।

**<u>देहाय:</u>**

क. पाँच हजार जरिवाना तिरे पछि पेश हुने सम्पत्ति विवरण,

ख. नयाँ नियुक्तिको ६० दिन भित्रमा पेश गर्नुपर्ने सम्पत्ति विवरण,

ग. अवकाश भएको आर्थिक वर्षको सम्पत्ति विवरण।

६. आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूले जरिवाना बापत तिर्ने रकम संघीय राजस्व खाता नं. १४३१२ खुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ मा ७७(सतहत्तर) वटै जिल्लाबाट राजस्व जम्मा हुने व्यवस्था मिलाउनका लागि जिल्ला स्थित सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा पत्राचार गरी ७७ वटै जिल्लाबाट राजश्व जम्मा हुने ब्यवस्था मिलाउन महालेखा नियन्त्रक कार्यालयलाई लेखि पठाउने।

७. आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूले जरिवाना बापत तिर्ने रकम रु.५०००/- संघीय राजस्व खाता नं. १४३१२ खुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ मा ७७(सतहत्तर) वटै जिल्लाबाट राजस्व जम्मा गर्न सकिने व्यवस्था मिलाउनका लागि सरकारी कारोबार गर्ने बैंकहरूमा पत्राचार गर्न नेपाल राष्ट्र बैंकलाई लेखि पठाउने।

प्रवक्ता<br>
नरहरि घिमिरे